नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

निजामती कर्मचारी अस्पतालको

## कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि सिफारिश गरिएको सूचना

मितिः २०७३/९/१७

निजामती कर्मचारी अस्पतालको रिक्त कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गरी सिफारिश गर्नको लागि निजामती कर्मचारी अस्पताल विकास समितिको मिति २०७३/८/६ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्ण चन्द्र भट्टराईको संयोजकत्वमा सिफारिश समिति गठन भएकोमा समितिले सो सम्बन्धी नियुक्तिको लागि कार्यविधि स्वीकृत गरी सोही बमोजिम ईच्छुक नेपाली नागरिकबाट १५ दिनको समय दिई दरखास्त आवह्वान गरिएको सूचना गोरखापत्र दैनिकमा दुई पटक सार्वजनिक गरिएको थियो । उक्त सूचना बमोजिम तोकिएको अवधि भित्र जम्मा पाँच जना उम्मेदवारहरुको दरखास्त पर्न आएकोमा निजहरु मध्ये जम्मा चार जनाले तोकिए बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्तामा उपस्थित भएकोमा स्वीकृत कार्यविधिको अधिनमा रही निजहरुको शैक्षिक योग्यता, अनुभव, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको आधारमा समितिले मूल्याङ्कन गरी देहाय बमोजिमका उम्मेदवारहरुलाई निजामती कर्मचारी अस्पतालको कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि सिफारिश गर्ने गरी सिफारिश समितिबाट मिति २०७३/९/१५ मा निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. मुख्य उम्मेदवारः डा. दीर्घराज आर.सी.

२. वैकल्पिक उम्मेदवारः डा. दिनेश कुमार लम्साल